**विषय: युवा स्वयंसेवक विकास र परिचालनमा सहभागिताका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

(प्रकाशित मिति: २०८०/०५/११)

श्री युवा क्लवहरु सबै,
मण्डनदेउपुर नगरपालिका।

उपरोक्त सम्बन्धमा राष्ट्रिय युवा परिषद्, सानो ठिमी भक्तपुरको मिति २०८०/०४/३० गतेको च.नं. ७६ को पत्र यसै साथ संलग्न छ। सोही पत्रको व्यहोरा अवगत गरी युवा स्वयंसेवक विकास र परिचालनमा सहभागिताका लागि प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८०/५/११

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.................................. शाखा)

राष्ट्रिय युवा परिषद नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.: ०८०/८१
च.नं.: ६४

मितिः-२०८०।४।३०

श्री सबै स्थानीय तहहरु।

**विषयः- युवा स्वयंसेवक विकास र परिचालनमा सहभागिताका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा।**

राष्ट्रिय युवा परिषदको नियमित बार्षिक कार्यक्रम अन्तर्गत चालु आ.व. २०८०।८१ मा स्थानीय तहमा गठित युवाक्लव मार्फत वातावरण संरक्षण, सार्वजनिक शिक्षा सवलीकरण, लागू औषत दुर्व्यसन नियन्त्रण, बालविवाह, जातीय छुवाछुत र लैङ्गिक विभेद विरुद्ध सचेतना, छाउपडी प्रथाको अन्त्य, प्राथमिक स्वास्थ्य उपचार, कृषिमा जैविक विषादीको प्रयोग साथै कृषिमा आधुनिकीकरण, बाढी, पहिरो, आगलागी जस्ता विपदको व्यवस्थापन लगायतका विषयमा स्वयंसेवक विकास गरी स्थानीय तह मार्फत परिचालन गरिने कार्यक्रम रहेको हुँदा इच्छुक स्थानीय तहले यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र आफ्नो स्थानीय तहले स्वयंसेवकको कुन विधामा के कति स्वयंसेवक बिकास र परिचालन गर्न सकिने हो आफ्नो क्षेत्रको भौगोलिक, सामाजिक आवश्यकताको आधारमा राष्ट्रिय युवा परिषदमा प्रस्ताव पठाउनुहुन अनुरोध छ ।

(दिनेश घिमिरे)
प्रशासकीय प्रमुख